नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं ।

पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक

# ज्योतिष भविष्यवाणी

जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

वर्ष १५ अङ्क २७ २०६९ कार्तिक २ गते, बिहीबार 18, Oct. 2012 मूल्य रु. १०।-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।



संस्थापक/सम्पादक
डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं.९८५६०३०९१४



## हार्दिक शुभकामना

नेपालीहरूको महान चाड बडादशैं तथा विजयादशमी-२०६९को पावन अवसरमा हाम्रा समस्त पाठकवृन्द, सदस्यवर्ग, विज्ञापनदाता, शुभेच्छुक, शुभचिन्तक लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं समृद्धि सहित उत्तरोत्तर प्रगतिका लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**ज्योतिष भविष्यवाणी**
**राष्ट्रिय साप्ताहिक तथा परिवार**


# दुर्गा शक्तिपीठहरूमा महोत्सव शुरू

✍ **हरि पन्त**

**पोखरा**: केहीवर्ष पहिले हाम्रो पवित्र पुण्यभूमि विश्वको एकमात्र हिन्दूराष्ट 'नेपाल' थियो । सम्पूर्ण राष्ट्रप्रेमी हिन्दू धर्मावलम्वीको आस्थाको धरोहर तथा पवित्रभूमिमा केही रावणहरूको आँखा लाग्न पुग्यो र हिन्दूराष्ट्रले वीरगति प्राप्त गऱ्यो ।

वीरगति प्राप्त गरेको हिन्दूराष्टलाई पुनःजीवन दिन यतिबेला ठूलै कसरत जारी छ तर पुनःजीवन पाउने हो वा होइन त्यो गर्भमा नै छ । हिन्दूराष्ट्रको हत्या गर्ने कंश रावणहरूले आफ्ना स्वार्थका लागि पुनःजीवनका विरुद्ध ठूलै शक्ति खर्च गरिरहेका छन्, ठूलो कंश रावणाका जमातहरू यसको विरुद्धमा छन् । करिब ९० प्रतिशत नेपाली जनता बसोबास गर्ने पुण्यभूमिमा १० प्रतिशत् कंश रावणहरूको आधिपत्य धेरैदिन टिक्छ भन्नु किमार्थ हुनेछ । त्यसैले हिन्दूराष्ट्रलाई पुनःजीवन दिएर विश्वको एकमात्र हिन्दूराज्य बनाई पवित्रभूमि नेपाललाई पूरै धर्ममय बनाउँदै विश्वलाई पाठ सिकाउने नेपालीको चाहना छ । सोही अनुरुप नेपालीको हिन्दूराज्यलाई पुनःजीवन दिने अभियान जारी छ । यतिबेला नवरात्री पर्व अर्थात समस्त देवीले त्यही हिन्दू राष्ट्रलाई तिलान्जली दिने कंश रावण जस्ता राक्षसमाथि विजय हासिल गरेको समय चलिरहेको छ । यसै सन्दर्भमा पुण्यभूमि नेपालको विभिन्न धार्मिक शक्तिपीठहरूमा ठूला-ठूला मेला र महोत्सव चलिरहेका छन् । ठूला-ठूला धार्मिक शक्तिपीठहरूको खानी पोखरा पनि एक हो । यतिबेला पोखराको विभिन्न शक्ति पीठहरूमा मेला तथा महोत्सव शुरु भएको छ ।




**श्री विन्ध्यवासिनी भगतव्य नम** : श्री विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको ओजनामा श्री विन्ध्यवासिनी नवगुर्गा महोत्सवको अवसरमा नवदुर्गा शोभायात्रामा सहभागीहरू ।तस्वीर : हरि पन्त/ज्यो.भ.

सोही अन्तर्गत पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनीमा नवदुर्गा महोत्सव शुरु भएको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको आयोजनामा विन्ध्यवासिनी नवदुर्गा महोत्सव-२०६९ मंगलबारबाट शुरु भएको हो । वि.सं.२०६४ सालदेखि निरन्तर आयोजना गरिदैं आएको विन्ध्यवासिनी नवदुर्गा महोत्सव घटस्थापनाको दिनदेखि कार्तिक ७ गते नवमीसम्म संचालन गरिनेछ । महोत्सवको पहिलो दिन मंगलबार बिहान विन्ध्यवासिनी मन्दिरबाट नवदुर्गाका नौं रुपका झाँकी सहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल स्काउट, विभिन्न जातीय भेषभूषामा संस्थाका प्रतिनिधिहरू, आमा समूहहरू, शैक्षिक संस्थाहरू, भजन समूहहरू, धार्मिक संघ संस्थाहरू, सामाजिक संघसंस्थाहरू, भक्तजनहरूका टोली बाजागाजा सहित शोभायात्रामा सहभागी थिए । शोभायात्रामा १० वटा रथलाई रथारोहण गरिएको थियो । बिहान ९ बजेबाट मध्यान्ह १२ बजेसम्म र मध्यान्ह १ बजेदेखि अपरान्ह ४ बजेसम्म संचालन हुने महोत्सवमा युवा पण्डित दयानिधि गौतमबाट श्रीमद्देवी भागवत् विषयक संगीतमय झाँकी सहित कथा प्रवचन हुने मन्दिर व्यवस्थापन समितिले जानकारी दिएको छ ।

महोत्सवमा ८ लाख खर्च हुने र ११ लाख आम्दानी हुने अनुमान गरिएको छ । करिब १ लाख भक्तजनहरू भित्रिने अपेक्षा गरिएको उक्त महोत्सवलाई सफल बनाउन लेखनाथ र पोखरामा गरी मूल आयोजक समिति र विभिन्न उप-समितिहरू गठन गरिएको छ । धार्मिक पर्यटक भित्र्याउने उद्देश्यले

बाँकी ३ पृष्ठमा...

# बलीप्रथा विरुद्धको अभियान जारी

✍ **ज्योतिष भविष्यवाणी**

**पोखरा**: नेपालीहरूको महान चाड विजयादशमी अर्थात् नव दुर्गा पर्व यहि आश्विन ३० गते घटस्थापनादेखि शुरु भएको छ । यो पर्वलाई मानिसहरूले महत्वका साथ मनाउने गर्दछन् । भगवती दुर्गादेवीले राक्षसमाथि विजय हासिल गरेको उत्सवमा जीवित राक्षस मानिसले निरीह प्राणी पशुको हत्या गरेर मनाउने गर्दछन् । पशुको हत्या गरेर आँफू मोजमस्ती गर्ने अभिप्रायले पशुको बली दिएर भगवती देवी दुर्गा खुशी बनाउने बाहना बनाइन्छ । त्यो सत्य होइन । भगवती देवी दुर्गालाई खुशी पार्ने हो भने कुभिन्डो, फर्सी, घिरौंलाको बली दिंदा राम्रो हुने विभिन्न धर्मशास्त्रहरूमा उल्लेख छ । दुर्गा खुशी पार्ने कपोलकल्पित बाहनामा लाखौं निरीह प्राणीको हत्या हुन्छ यस महत्वपूर्ण पर्वमा । यसलाई रोक्ने भन्दै पोखरामा केही दिनदेखि बलीप्रथा उन्मूलन अभियान जारी छ । सोही अभियान अन्तर्गत पोखरा उप-महानगरपालिका वडा नं ११ लाई एक कार्यक्रम बीच शनिवार पशुबली मुक्त वडा क्षेत्रका रुपमा घोषणा गरिएको छ ।

पशु बलिमुक्त अभियान मूल आयोजक समितिको आयोजना तथा मानव धर्म सेवा समितिको संयोजनमा सम्पन्न बलीप्रथा सम्वन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम गर्दै उक्त वडालाई पशुबलिप्रथा मुक्त वडाका रुपमा घोषणा गरिएको हो । कार्यक्रममा बोल्ने वक्ताहरूले शक्तिपीठहरूमा दिइने पशु बली

बाँकी ३ पृष्ठमा...


## हार्दिक शुभकामना

नेपालीहरूको महान चाड बडादशैं तथा विजयादशमी-२०६९ को पावन अवसरमा हाम्रा समस्त शुभेच्छुक, शुभचिन्तक, इष्टमित्र लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं समृद्धि सहित उत्तरोत्तर प्रगतिका लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

तान्त्रिक दुर्गा आचार्य दाहाल
**तान्त्रिक दुर्गा ज्योतिष परामर्श केन्द्र**
पोखरा-१, बगर,(संस्कृत मा.वि. भीमकालीपाटन अगाडि)
फोन : ०६१-५२६८७०, मो. ९८४६०३८३३९

**हाम्रा सेवाहरू** : आखत हेर्ने, चिना हेर्ने, जन्तर बुटी बनाउने,. लागोभागोको औषधि बनाउने, देवी देउता पत्ता लगाउने, सार्ने र उतार्ने, मेडिकल डक्टरबाट ठीक हुन नसकेका, अन्यत्रको कुनै पनि उपचार नलागेका रहस्यमय बिरामीकि विशेषज्ञ ।

**भेट्ने समय** : बिहान ७:३० बजेदेखि बेलुकी ६ बजेसम्म



**विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान**

**उपलब्ध सेवाहरू:**

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरू
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- निःशुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



**होटल फेवा प्रिन्स प्रा. लि.**
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'

फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink.com

***ज्योतिषवाणी* - जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ॥

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

# सम्पादकीय

## विजयादशमी–२०६९को सबैलाई शुभकामना

जब देवताहरू राक्षसहरूको सदाबहार आतङ्क सहन नसकी हारगुहार गर्न लागे तब सबै देवताको सामूहिक निर्णय भयो हामी जोसंग जे शक्ति छ सबैको शक्तिलाई एकजुट पारौं र आतङ्ककारीलाई हराउन सकिनेछ । सम्पूर्ण देवी देवतासंग जे जो शक्ति, साधन, स्रोत थिए ती सबै एक–एक उपहार प्रदान गरियो जगत्जननी दुर्गालाई । दुर्गा ती अदृश्य शक्ति हुन् जसले सारा संसारलाई शक्ति प्रदान गरी संचालन गरिरहेको छ । भगवती दुर्गाको उत्पत्ति मूलतः त्रेतायुगमा भएको जानकारी शिव पुराण तथा देवीभागवत् पुराणबाट पाइन्छ । आतङ्ककारी राक्षसहरूलाई परास्त गर्न देवी भगवतीले महाकाली, महालक्ष्मी, महासरस्वती समेत विभिन्न नौंवटा रुप धारण गर्नुभएकोले देवीलाई नवदुर्गा भन्ने पनि गरिएको हो । देवीको पहिलो स्वरुप शैलपुत्री हो भने दोस्रो रुपलाई ब्रह्मचारिणी भनिन्छ । चन्द्रघण्टा देवीको तेस्रो रुप हो भने चौथो रुपलाई कुष्माण्डा भनिन्छ । देवीको पाचौं रुपलाई स्कन्दमाता मानिन्छ भने छैटौं रुप कात्यायनी हो । देवीको सातौं रुपकालरात्रि हो भने आठौं स्वरुपलाई महागौरी भनिन्छ । समग्रमा नौंवटै देवीको रुप हुन्छ सिद्धिदातृ देवी । यी नौवटै देवीको शक्तिबाट असत् आतङ्ककारी दैत्यको विनाश गरेको दिन आश्विन शुक्ल दशमी थियो । त्यसकारण यो आश्विन शुक्ल दशमीलाई देवी महिमाको महत्वपूर्ण दिनको रुपमा हामी प्रत्येक वर्ष मनाउने गर्दछौं ।

अर्को अर्थमा जगदम्वा देवीको महान विजयको दिन हो आश्विन शुक्ल दशमी । कसैलाई लाग्न सक्छ यो दशैं एकैदिनमात्र मनाए पनि हुन्छ कि ? आखिर नौवटै देवीको अन्तिम रुप त एउटै हो । तथापि देवीका नौवटै रुपका लागि अलग–अलग दिन तोकि पूरा नौं दिन विजया दशैं मनाउनु वैज्ञानिक देखा पर्दछ । आँफैमा देवीका प्रत्येक रुप र शक्तिको राक्षसमाथि विजयप्राप्त गर्दाको योगदान समानरुपमा महत्वपूर्ण रहेको छ । त्यसकारण विजयादशमी एकदिन होइन नौ दिन मनाउनु सान्दर्भिक देखिन्छ । विजयादशमीको दशौंदिन देवीको टीका लगाउने र देवीको गंगामा विसर्जन गर्ने दुवै कार्य परेकोले सम्पूर्ण नवरात्रको समयमा विजयादशमीको दिन अति नै महत्वपूर्ण मानिन्छ । वास्तवमा विजयादशमी सत् असत्को द्वन्दमा सत्यको जीतको रुपमा मानिंदै आएको छ । चारलाख बत्तीस हजार कलियुगको प्रमाण अवधि रहेको छ भने द्वापर युगको त्यति नै ४ लाख ३२ हजार अवधि रहेको मानिएको छ । कलियुग र द्वापरको समेत आठलाख चौसट्ठी हजार अवधि हुन आउँदछ भने त्रेतायुगको समेत ४ लाख ६४ हजार जोड्दा कम्तिमा सत्रलाख ९६ हजार पुरानो इतिहास छ विजयादशमीको । त्रेता युगदेखि द्वापर, कलियुग हुँदै मनाउँदै आइएको विजयादशमीको इतिहास विश्वका प्राचीतनम् पर्वमध्ये एक रहेको विजयादशमीको अवसरलाई देवीका विभिन्न मन्दिरको दर्शन, नवरात्रका अवधिमा व्रत, पूजा गरेर यो पर्व मनाउनु मनाशिव देखिन्छ । महाकाली देवी तामसिक गुणकी रुप हुन् भने शक्तिकी प्रतिक । त्यस्तै द्रव्यकी खानी महालक्ष्मी हुन् भने स्वभाव राजसिक । त्यस्तै विशुद्ध सात्विक रुपमा रहने गर्नुहुन्छ सरस्वती जो विद्या बुद्धिकी प्रतिमूर्ति हुनुहुन्छ । यी देवीका तीन वटा प्रमुख रुपलाई महाकाली, महालक्ष्मी, महासरस्वतीको रुपमा चिनिन्छ ।

देवी देवताको समग्र संख्या ३३ करोड मानिएता पनि मूल रुपमा श्रीगणेश, शिव, दुर्गा, सूर्य, विष्णु समेत मुख्य रुपमा पाञ्चायन देवी देवतालाई विशिष्ट शक्ति सम्पन्न मानिएको छ । ती पाञ्चायन देवतामध्ये देवी पनि एक भएकीले भगवती देवी एक स्वतन्त्र, शक्ति सम्पन्न हुनुहुन्छ । जो व्यक्ति कुनै एउटा देवता या देवीको उपासना गर्न चाहन्छन् ती व्यक्तिले गणेशमात्र, शिवमात्र अथवा दुर्गादेवीमात्र अथवा भगवान सूर्य र विष्णुलाईमात्र मान्नुपर्दछ । यस अर्थमा जसले देवीलाई इष्टदेवीको रुपमा मान्न चाहना गर्दछन् उनीहरूका लागि यो आश्विन शुक्लपक्षको नवरात्रको अति नै महत्व रहेको छ । भगवती दुर्गाले आँफैले भन्नुभएको छ,'यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितं' अर्थात मेरा भक्तले जे जस्तो कामनाले मेरो पूजा, आराधना गर्दछन् म तीनले चिताएको फल प्रदान गर्दछु । देवीको उपासना व्रत दुई प्रकारले गर्न सकिन्छ (१) कुनै मनमा लागेको ईच्छाको परिपूर्णताका लागि (२) विना कुनै ईच्छा निःस्वार्थ भक्तिभाव । वास्तवमा कामना राखेर गरिने भक्ति उपासना यो जीवनका लागिमात्र हुन्छ भने निष्काम भावनाले गरेको व्रत/उपासना यो जन्म र अर्को जन्म दुवैलाई हुने गर्दछ ।

कामना सहितको व्रत, पूजा फलको प्राप्ति पछि सकिन्छ भने कामना विनाको व्रत, पूजा असीमित समयका लागि हुन्छ । त्यसकारण जगतकी जननी देवीको दर्शन, व्रत, पूजा, नित्य रुपमा गर्दै गर्नुपर्दछ । हामीले माँगे पनि नमागे पनि परिआएका बेलामा सदैव हाम्रो रक्षा, कल्याण दुर्गाले गर्नुहुन्छ । काम परेको बेलामा सम्झिने र काम पूरा भएपछि नगर्दा दुर्गाको चित्त दुख्छ । त्यसकारण आँफूले मुख्य रुपमा मान्दै आएका इष्टदेव, पाञ्चायन देवता तथा भगवती दुर्गाको जति सम्भव दर्शन, प्रार्थना, आराधना सदैव कल्याणकारी हुने गर्दछ । वर्षभरिमा यो आश्विन ३० गतेदेखि कार्तिक ८ गते बुधबारसम्मको नौ दिनको अवधि ज्यादै नै महत्वपूर्ण रहेको छ । यो बीचमा सक्ने व्यक्ति देवी भागवत् कथा वक्ता, देवी भागवत् पुराण आयोजक कथामा समस्त सहयोगी भक्त समान पुण्यका भागी हुने गर्दछन् ।

जसको क्षमताले जे सहयोग गर्न सक्यो त्यो सबैले पाउने पुण्यको मात्रा बराबर हुन्छ । त्यसकारण देवी भागवत् पुराण सुनौं, देवी दुर्गाका बारेमा गरिने महोत्सव कार्यमा सहभागी बनौं, विभिन्न देवीका मूर्तिको दर्शन गरौं, सकिन्छ राम्रा पुण्यदायी कार्यमा दान पनि गरौं । सकिंदैन कम्तिमा देवी देवताको निन्दा नगरौं । देवीको नाममा हत्या, हिंशा नगरौं । तपाईं आँफूलाई आफ्नो ज्यान श्रीमती, छोराछोरीको जति माया छ । तपाईंको हातबाट दशैंको अवसरमा मारिने प्राणीलाई पनि आफ्नो जीवन त्यत्तिकै प्यारो छ । त्यतिमात्र होइन भगवती देवीका लागि सबै प्राणी बराबर छन् । कसैको ज्यान मारेर आँफू मोटाउनु भनेको राक्षसी कर्म भएकाले हामी आँफू अपराधी पनि नबनौं, देवीको नाममा जिउँदा प्राणीको हत्या गरी देवीलाई फौजदारी अपराधको दोषी नबनाऔं । हिंशा, हत्या रहित दशैं मनाऔं यही कामना गर्दै मेरा दायाँ हात हरि पन्त, ज्योतिष भविष्यवाणी (राष्ट्रिय साप्ताहिक) परिवारका व्यवस्थापक सीता रेग्मी, संवाददाता सन्तोष रेग्मी, प्रदीप रेग्मी, मधु रेग्मी, आनन्द रेग्मी, कल्याणकुमारी पौडेल, मेरा अत्यन्तै आदरणीय मित्र नरेशशंकर पालिखेज्यू, महाकवि रामनाथ अधिकारी 'संगी'ज्यू तथा समस्त पण्डित व्यक्तित्व, सम्पूर्ण ज्योतिष सहकर्मी, सम्पूर्ण शिक्षक, प्राध्यापक मित्रहरू, नेपाल प्राज्ञमञ्च पोखराका सम्पूर्ण विद्वानहरू, सहकर्मी पत्रकार साथीहरू, लेखक एवं मेरा समस्त कानून व्यवसायी मित्रहरू, तनहुँ अफसेट प्रेसका संचालक परशुराम महतज्यू तथा सम्पूर्ण परिवार, त्यस्तै बिहानदेखि बेलुकीसम्म मसंग दैनिक ज्योतिष परामर्श लिनुहुने सम्पूर्ण ज्योतिष भविष्यवाणीका वार्षिक सदस्यहरू, स्वतन्त्र सदस्यहरू, नेपाल ज्योतिष पत्रकार संघ केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, नेपाल ज्योतिष पत्रकार संघ कास्की, म्यादी, बाग्लुङ, पर्वत, झापा, कञ्चनपुर, कैलाली शाखाका पदाधिकारी तथा सदस्य एवं पत्रकार मित्रहरू, नेपाली कांग्रेस कास्की पोखरा–२ तथा समस्त कस्केली कांग्रेसी मित्र एवं कास्की सभापति यज्ञबहादुर थापा, दाजु रामकृष्ण पराजुली, पूर्व सभाषद् तथा कास्की कांग्रेस पार्टीका अध्यक्ष दाजु शुक्रराज शर्माज्यू समस्त कास्की एवं नेपाल अधिराज्यका, स्वदेश तथा विदेशमा रहनुहुने कांग्रेसी वन्धुहरू एवं समस्त ज्योतिष भविष्यवाणीका शुभेच्छुक, सहयोगी मित्रहरू सबैमा विजयादशमी २०६९को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । हामी नातोमा जो जे परेपनि यो विजयादशमी सुखद् बितोस्, नेपाली नेतामा नैतिकता र बुद्धि पलाओस्, राष्ट्रिय सहमतिको सरकार बनोस्, छिट्टै संविधान बनोस्, सदा–सदाका लागि आतङ्कको कालो बादल बिदा भै जाओस्, सबैमा सत्बुद्धि पलाओस् । हामी सबैको जे कर्तव्य हो त्यसैमा इमान्दारितापूर्वक लागि परौं । जगदम्वा दुर्गाले तपाईं हामी सबैको कल्याण गरुन यही शुभकामना !!!

# नवदुर्गाको शक्तिले हिन्दूराष्ट्र फर्कियोस्



**नित्यानन्द भुर्तेल**

आदरणीय हिन्दूराष्ट्र प्रेमी आमा बुबा, दाजुभाइ, दिदीबहिनी म नेपाल आमाको एक पागल पुत्रले यहि आश्विन १४ गतेका दिन मलाई आफ्नो पूजाकोठाबाट आएका पागलपनका केही शव्दहरू हिन्दू राष्ट्र निर्माणका लागि भएका हाम्रा पितृहरूले बोलेका कुराहरू राख्न गईरहेको छु । बुझ्नेले देवी देवता पितृ पुज्छन् नबुझ्नेले राँगो, भैंसी, पुज्छन् । यस कारण मान्छेलाई अवश्यनै देवीदेवताको श्राप लाग्छ । हाम्रा हिन्दूराष्ट्र प्रेमी सज्जन देवीदेवता जस्ता जनतालाई यसै सोह्र श्राद्धदेखि हिन्दूराष्ट्र पुनःस्थापना गर्नुपर्छ भन्ने सम्पूर्णका पितृको आशिर्वाद लागोस् । राष्ट्र बचाउने भनेका जनता हुन् र यसकारण हे भगवान जो जस्ले जे–जे धर्म माने पनि यस पूण्यभूमि हिन्दूराष्ट्रमा सनातन धर्मले सबै धर्मलाई छुट गरेको छ । विश्वमा हिन्दूराष्ट्र छ भनि हिन्दूराष्ट्र नेपाल चिनाउन परेको छ । यसमा अरु कुनैपनि स्वार्थ छैन । त्यसैले सबै नेपालीले राजावादी पनि होइनन्, माओवादी पनि होइनन्, राष्ट्रवादी बनि हिन्दूराष्ट्र नेपालको रक्षा गर्नुछ । सम्पूर्ण हिन्दूराष्ट्र नेपालको देवीदेवता भारत खण्डेका तिरुपती बालाजु, बगलामुखी माई सच्चा हिन्दूराष्ट्र प्रेमी सन्तमहन्त जनताहरूलाई यसै काशीनगर पोखराको शिरमा रहेका मुक्तिनाथले अन्नपूर्ण हिमालबाट माता पार्वती शिवशंकर महादेव भोलाले सच्चा भक्तहरूलाई बोलाई रहनुभएको छ । यसमा भारतखण्डका शक्तिशाली भगवान तिरुपती बालाजीलाई शिव भगवानले बोलाई सक्नुभयो । तिरुपती बालाजु पनि आइसक्नुभयो । जनताले पनि दर्शन पाइसकेका छन् । यसै शिलशिलामा माता पार्वती र पिता शिवजीलाई भेट्न बगलामुखी माई अन्नपूर्ण हिमालमा आउँदै हुनुहुन्छ । यस्तो पवित्र पुण्यभूमि नेपाललाई केही रावणहरू मिली हिन्दूराष्ट्र नेपाललाई धर्म निरपेक्ष घोषणा गराई कागजमा राखिदिए । रावणहरूका यस्ता काम नै 'विनाशकाले विपरीत बुद्धि हो ।' त्यसैले मैले गुप्तेश्वर नाग देवता भगवती माताको प्रेरणाबाट राजनीति गर्ने नेता तथा पवित्र देशलाई हिन्दूराष्ट्र हटाईयो अब शान्ति आउँछ भन्ने तत्कालीन संविधान सभाका सभामुख सुवासचन्द्र नेम्बाङलाई पनि हिन्दू राष्ट्र बारे पत्र पठाएको थिएँ । अब म हिन्दूराष्ट्र प्रेमी जनतालाई पनि आवाह्रान गर्न चाहन्छु सुवाशचन्द्र नेम्वाङलाई मैले रजिष्टर गरेर पठाएको पत्र अवश्यनै पाउनुभयो होला ।

अब सबै कानूनले पनि न्यायकी देवी भनेको सत्यकी देवी हुन् भनि तपाईहरूले पनि यस बारेमा सत्यको कलम अवश्य चलाउनु हुनेछ भन्ने विश्वास छ । नेपाल आमा र हिन्दूराष्ट्रलाई बचाइराख्न तपाईंहरूले न्यायकी देवीको कसम खाई छातीमा हात राखेर सम्पूर्ण हिन्दूराष्ट्र प्रेमी जनतालाई देखाउने बेला आएको छ । होइन भने सत्यकी देवीले तपाईहरूले लगाएको गलाको टाई हातको कलमलाई भैंसी बाध्ने किलो र भैंसी बाध्ने दाम्लो बनाई दिनेछन् । तपाईंहरूका शब्द पनि जनताले लेखेर राखेका छन् त्यो तपाईंहरूले बुझ्न जरुरी छ । एउटा न्यायकी देवीको कानून पढेर पार्टीको नाउँमा उनैको दूरुपयोग गरी बोल्दै हिंड्दा यस नेपालको हिन्दूराष्ट्र प्रेमी जनताहरूले पहिला तपाईंहरूलाई नै समात्नेछन् । सत्यको आवाज उठाई तपाईंका असत्य बोली र गोलीले राष्ट्रप्रेमी, बुद्धिजीवि जनता कहिल्यै पनि पछाडि हट्ने छैनन् । यस कारण १४ अञ्चल ७५ जिल्लामा नेपाल आमाको माटोले सत्य खोजीरहेको छ । अब शिव भगवानको आदेश अनुसार हिन्दूराष्ट्र जोगाउने सम्पूर्ण हिन्दू राष्ट्र प्रेमी जनताहरूलाई पनि सत्यको महशुस भएकै छ । सम्पूर्ण हिन्दू राष्ट्रप्रेमी जनताहरूले आ–आफ्नो ठाउँबाट हिन्दूराष्ट्र जोगाउने अभियानमा लाग्नु पर्नेछ । हिन्दूराष्ट्र जोगाउन आवाह्रन गर्ने सन्तमहन्तहरूलाई रावणले रोक्ने चेष्टामात्र गरे भने त्यस्ता रावणलाई परास्त गर्न न्यायकी देवीले अवश्य साथ दिनुहुनेछ । सत्यका लागि जनतासामु जान सवारी साधनको आवश्यकता भएको हुँदा म नेपाल आमाको पागलपुत्रले प्रभुसंग सवारी साधन राष्ट्र धुनका लागि देउ भनि हात थापी आँखा चिम्लेर ध्यानमा बस्दा प्रभु शिवजीले भन्नुभयो,'ठीक छ तिमीहरू पुकार गर्दै जानु सत्यको ईच्छा पूरा गरिदिने छु, म लक्ष्मीदेवीलाई भनिदिनेछु ।' भगवानको त्यही आज्ञा पालन गर्नका लागि विभिन्न मठ मन्दिरमा पागल भै दीप, फूल, अगरवत्ती चढाईरहेको छु, जलाईरहेको छु । अहिले नवदुर्गा पर्वको अवसरमा मैले भन्नैपर्ने अर्कोकुरा सम्पूर्ण देवी देवताहरूको तर्फबाट मलाई भएको आवाह्रान अनुसार यस समयमा कुनै पनि मन्दिरमा बली चढाउने होइन, नरिवल फूल चढाउने हो । देवी माताले बली खान्नन्, उर्छ डंकिनीलेमात्र बली खान्छन् ।

त्यसैले म माता बली बन्द गराईदेउ भन्दै तराईकी गढीमाता गोर्खाकी मनकामना, दक्षिण कालिका गई कराईरहेको, पागल भैरहेको सबैले हेरिरहेका छन् । यसै कुरालाई सपनामा र आत्मामा दिन्छौं भनि आवाह्रान गर भनि मलाई देवीमाताहरूले भन्नुभएको हुँदा ज्योतिष भविष्यवाणी (साप्ताहिक) मार्फत विश्वमा रहेका सम्पूर्ण हिन्दूराष्ट्र प्रेमी जनतामा जाओस् र देवीमाताहरूको प्रश्न मन्दिरमा बलीदिन लगाउने पूजारीहरूलाई के तपाईंको मन्दिर व्यवस्थापन समितिले जसरी घ्यू, तेलको धूप जलाउन व्यवस्था गर्दछ त्यसरी नै बली दिन पशुपंक्षीको व्यवस्था गरेको छ कि छैन ? यदि तैयारीमा छ भने हामीले मातालाई केही भन्नु छैन । हैन भक्तहरूले ल्याएका बलीमात्रै चढाउनु छ भने त्यस्ता कार्य तुरुन्त बन्द गरिनुपर्दछ । देवी माताले भन्नुभयो,'तिमीले जति बली दिन्छौ मलाई होइन, तिमीहरूले नै लिन्छौ ।' कुनैपनि माताले पुत्रपुत्रीको बली लिंदैनन् ।

मैले भने,'हे देवीमाता! तपाईंको आवाज यो पागलपुत्रले बुद्धिजीवि सज्जन भनेका मान्छेका सामू राख्ने जमर्को गर्ने छु ।' यसै नवदुर्गाबाट सम्पूर्ण देवीदेवता जाग्नेछन् । यस पुण्यभूमि नेपालका रावणहरू यस हिन्दूराष्ट्र नेपालबाट पलाएन हुनेछन् । बुद्धको सन्देश लिएर आम नागरिकहरू हिन्दूराष्ट्र जोगाउन जागरुक हुनेछन् । केही नेपाल आमाका कूपुत्रहरूले बुद्धको नाम लिएर गिद्धको काम गरिरहेका छन् । त्यस्ता पापीहरूले बुद्धको, श्रवणकुमार जस्ता सच्चा मान्छेको घाँटी काट्न खोजिरहेका छन् ।

बुद्ध, ब्राम्हण, क्षेत्री कस्का छोरा हुन् ? बुद्धलाई पुज्नेहरूले अवश्य बुझ्न जरुरी छ । यसरी हामी सबै ४ जात ३६ वर्णको फूलवारीमा मिलेर बसेको अवस्थामा केही नेपाल आमाका दुश्मनहरूले आफ्नो व्यक्तिगत स्वार्थका लागि देशलाई टाट पल्टाउन लागिरहेका छन्, यो हामीले राम्ररी बुझ्नुपर्दछ ।

अब हामी सबै नेपाली एक भई हिमाल, पहाड, तराई कोही छैन पराई भन्ने नारालाई सार्थक तुल्याउनतिर लाग्नुपर्दछ । जनकपुरमा सीता, लुम्विनीमा गौतम बुद्ध, आँधिखोलाको श्रवणकुमारलाई आफ्नो आत्मामा लगाउँदै यस्ता रावणहरूलाई देशबाट नै भगाई अहिले विजयादशमीका दिन विजयउत्सवको टिका लगाई विजयादशमीमा दुर्गा माता सम्पूर्ण हिन्दूराष्ट्र नेपालीहरूलाई हिन्दूराष्ट्र जोगाउनका लागि सत्यले शक्ति प्रदान गर्नेछन् । अन्य राष्ट्रमा गोली चलिरहे पनि यस पुण्यभूमि राष्ट्रमा फूलको वर्षा चल्नेछ २०६९ सालको विजयादशमीले सम्पूर्ण राष्ट्रघाती पापीहरू जल्नेछन् । हिन्दूराष्ट्र र नेपाल आमाका लागि २०६९ सालको दीपावलीमा घर–घरमा शान्तिको दीप जल्नेछ । सबैमा समृद्धि आओस् सम्पूर्ण हिन्दूराष्ट्रका चाडपर्वले नेपाल आमाका कूपुत्रुहरूलाई पनि सुध्रने मौका पाओस् सम्पूर्णमा हार्दिक शुभकामना !

**जय हिन्दूराष्ट्र नेपाल** !!!

# श्री स्वस्थानी महाकाव्यको एक चर्चा




**गताङ्कबाट क्रमश :**

आदरणीय श्रोता, पाठक महाकवि रामनाथ अधिकारी 'संगी' द्वारा रचित श्रीस्वस्थानी महाकाव्यको हामी २१औं अध्यायको कथामा छौं । कुमार अगस्त्य मुनिलाई बताउनुहुन्छ महादेवबाट चारवटा शराप पाएपछि गोमा ज्यादै चिन्तित् हुनुभयो । यता गंगास्नान गर्न गएका शिव भट्ट ब्राम्हण र सती स्नान गरि सुन दान समेत गरेर भगवान हरिहरको पूजा सम्पन्न गरि घर आउँदा त गोमा भक्कानो छाडेर रुँदै गरेकी । 'किन रुन्छ्यौ गोमा ?' शिव भट्टले भन्दा गोमाले भनिन्,'भिक्षुक रुप महादेवले भिक्षा दिन ढिला गरिस् भनेर चारवटा शराप एकै पटकमा दिई जानुभयो, जसमा मेरो विवाह सत्तरी वर्षका बुढासंग होस् अरे, मैले पाउनसम्म दुःख पाउँ अरे, मेरा बा आमाको पनि छिट्टै मृत्यु होस् अरे !

यति भनेर महादेव डम्मरु बजाउँदै जानुभयो । भिक्षा त मैले दिएकी थिएँ अलिकति पर्खाएर । भिक्षुक रुप महादेवले केलाएका अक्षता माग्नुभएको थियो त्यो अक्षता भने मैले दिइन, अर्कै चामल दिएँ ।'

शिव भट्ट ब्राम्हणले भने,'शराप दिंदैमा लागिहाल्छ भन्ने के छ ? नरोऊ गोमा !' त्यसपछि गोमा पनि कति छिट्टो ६ वर्ष लागिन् । शिव भट्टले असल वरको खोजी गर्न लागे तर भेटिएको कतै छैन । खोज्दा-खोज्दा हैरान भएर यसो गंगाजीको किनारमा हेर्दा एउटा कुप्रो परेको, ¥याल चुहाउँदै गरेको, आँखा पनि नदेख्ने, कान पनि नसुन्ने बुढो देखे, जसको नाम रहेछ शिव शर्मा । शिव शर्मा असल केटीको खोजीमा लाग्दा सत्तरी वर्षमा चलिरहेका थिए विवाह हुन सकेको थिएन ।

यता शिव भट्टकी पुत्री गोमालाई वर पाइएको थिएन । शिव शर्माले कर गरे छोरी मलाई दिने भए दिनुहोस् होइन भने म आत्महत्या गरी मर्छु । अब शिव भट्ट सोच्न बाध्य भए भिक्षुक रुप महादेवले दिएको शराप त लाग्ने नै भयो । शिव शर्मालाई लगेर घर गए । शिव भट्ट पत्नी सतीलाई पनि बुढो शिव शर्मासंग आफ्नी सुन्दरी कन्या गोमालाई विवाह गरिदिने कुरामा चित्त बुझेन । शिव शर्माले भने,'यो दुनियाँमा ञ्याङ्-ठ्याङ् कसको मिलेको छ र ? दिने भए कन्या देउ होइन भने म आत्महत्या गरि मर्छु ।' 'मूर्खदेखि दैव डराउँछ ।' भने जस्तो शिव भट्ट दम्पति शिव शर्माको अड्डी कसाइसंग हारे । भयो त कन्या शिवलाई दिउँ भन्नेमा पुगे । सतीले शिव शर्माको भोजनको बन्दोवस्त गरिन् । सतीले पुत्री गोमालाई सम्झाइन् 'तेरा भाग्यले यस्तै पर्न गयो, श्रीमहादेवको शरापले गर्दा यस्तो सात वर्षकी कन्यालाई ७० वर्षको बुढोलाई दिनुपर्‍यो ।' यता सती पुत्री गोमाले पनि चित्त बुझाइन् । गोमाले भनिन्, 'भगवान राम जस्तालाई दैव लागेर उनकी पत्नी सीतालाई रावणले हरण गर्‍यो, स्वयं महादेवलाई आँफै विष पिएर नीलकण्ठ हुनुपरेको छ । युधिष्ठिर जस्ता धर्मात्मा राजालाई राज्य नष्ट भै पाँचै भाइले बनवास बस्नु पर्‍यो । पाण्डव पत्नी दौप्रदीलाई पनि दशा लागेर दुयोर्धनका सभामा नाङ्गै पारेका थिए । वलिराजा जस्ता दानीलाई पनि खराब दशा लागेर पाताल (हालको अमेरिका/ बेलायत) तिर गईबस्नु परेको थियो । भगवान कृष्ण जस्तालाई त दशा लागेर आफ्नै अगाडि नाति अनिरुद्धलाई वाणासुरले नागपासले बाँधेर लगेको टुलु-टुलु हेर्नुपरेको थियो । त्यस्तै ५६ करोड यदुवंशी आफ्नै बन्धु वान्धव नाश भएको पनि कृष्णले आँखै अगाडि देख्नुपरेको थियो । यत्रो ब्रह्माण्ड संसारको सृष्टिकर्ता ब्रह्मालाई पनि दशा खराब हुँदा शिर कटाएर बस्नुपर्‍यो । देवताका पनि राजालाई दशा नै लागेर आफ्नो राज्य नै छोडी हिंड्नु परेको थियो । समयको गतिलाई कसैले उलङ्घन गर्न सक्दैनन् ।' यस्ता गम्भीर कुरा सुन्दा सतीलाई शान्त्वना मिल्यो । गोमाले अझै भनिन्,'समुद्रमा जत्रो भाँडो लिएर गयो त्यति नै पानी ल्याएजस्तै पूर्व जन्ममा जे लेखेर ल्याएको छ त्यही पाउने त हो ।' आमा छोरी रातभर गन्थन् गरि वातचित् गर्दै रहे । भोलिपल्टदेखि केहीदिन शिव भट्टले शिव शर्मालाई आफ्नै घरमा राखे । मीठो-मीठो खुवाएर आतिथ्यता गर्दा शिव शर्मा रिष्टपुष्ट भै राम्रा हुँदै गए । राम्रो लगन हेरी गोमा र शिव शर्माको विवाह गरियो । गोमाले वृद्ध लोग्ने भएपनि राम्रो स्याहार सुसार गरिन् । यो श्रीस्वस्थानीको २१औं अध्यायको कथाबाट के बुझ्नु पर्दछ भने मानिसको जीवनमा कति दुःख पर्छ, कस्तोसम्म बेहोर्नुपर्छ भन्ने कुरा कल्पनासम्म गर्न सकिन्न त्यस्तो पनि व्यहोर्नु नै पर्दछ भन्ने बुझिन्छ । जीवनमा सानो ठूलो भन्ने कुरा केही छैन । जस्तो परेपनि सहनैपर्छ भन्ने सन्देश यो कथाले दिएको छ ।

**श्रीस्वस्थानी महाकाव्यको कथा अध्याय-२२**

कुमारजी अगस्त्य मुनीलाई बताउनुहुन्छ गोमा र शिव शर्माको आपसमा विवाह भएपछि पनि शिवशर्मा ससुराली घर बस्दा-बस्दा आठ दश वर्ष बिते पछि भन्न थाले,'अब त म एक पटक घर जानुपर्‍यो ।' ससुरा शिव भट्ट पत्नी सतीले कर गरे घर गएपनि बसेपनि दुवै घर तपाईंकै हुन् किन अर्को घर जानुपर्‍यो ? शिव शर्माले भने,'मेरो पनि घरको रेखदेख गर्ने कोही छैन । यसो पुगेर फर्किआउँछु ।' यता गोमाले भनिन्,'मेरो समग्र संसार तपाई हो, म कस्को मुख हेरी बस्नु ।' शिव शर्माले भने,'म संगसंगै जाने भए आमा बुबाको अनुमति लिई आऊ ।' गोमाले अनुमति माग्दा शिव भट्ट र सती गोमालाई पठाउनै नसक्ने बताउँछन् । रामचन्द्र र सीता नहुँदा राजा दशरथको प्राण गएजस्तो तिमी छोरी बिना हामी कसको सहाराले बाँच्ने ? शिव भट्ट भन्छन् । यता शिव शर्मा पनि आफ्नी श्रीमती गोमालाई लगी छाड्ने निर्णय गरे । शिव भट्ट सती गोमालाई बिदा गर्न बाध्य भए । हो पनि श्रीमतीका लागि श्रीमान् सर्वस्व नै हो । श्रीमान्‌को आज्ञा नमान्नु श्रीमतीको पनि धर्म नरहने ।

आखिर गोमा डोली चढेर शिव शर्माका साथ लागिन् । जसै शिव शर्मा र गोमा आफ्ना घरतर्फ लाग्दै थिए सासु ससुरा शिव भट्ट र सतीले निकै परसम्म हेरे, देखिन छाडेपछि रुखमा चढी हेर्दा रुखको हाँगो भाँचियो र तिनी दुवै जनाको मृत्यु भयो । महादेवले दूतलाई पठाई शिव भट्ट र सतीको आत्मालाई कैलाश पर्वत पु¥याउनुभयो । द्विव्य शरीरका साथ शिव भट्ट र सती कैलाश पर्वतको बसाइमा डोलेहरूसंग सोधे यो के हो ? त्यो के हो ? भन्दै । शिव शर्मा र गोमालाई डोलेहरूले जानेसम्मको जानकारी दिए । जंगलको बाटो बीचमा भोक प्यासले शिव शर्मा गोमा आत्तिए । शिव शर्मा गोमालाई सम्झाउँदै अगाडि पैदल हिंडाउँछन् । यसैबीच चन्द्रज्योति नगर आइपुग्छ । त्यहाँ शिव गोमा दुवै फलफूल टिपी खान्छन्, पानी पिउँछन् । शिव शर्मा बताउनुहुन्छ,'ल! गोमा अब त हाम्रो घर पनि आइपुग्यो, एउटा खरको छानो सृजना गरी यै घर हो हाम्रो ।' गोमा भित्र पस्दा त माकुरा जाल लागेका छन् । आफ्नो माइती घर सम्झेर केही बेर गोमा रोइरहिन् । पछि धैर्य गर्दै भनिन्,'आफ्नो भाग्यमा जे लेखेको छ त्यहि पाउने हो ।' भन्दै चित्त बुझाउँछिन् गोमा । शिव शर्मा भन्छन्,' तँ गर्भिणी पनि होस् । यता तँ सुत्केरी भइस् भने मैले के खुवाउने, रकम आउने स्रोत पनि त छैन । म एक महिनालाई परदेश जान्छु । केही कमाएर ल्याउँछु तँ जसरी तसरी एक महिना घरमा बसेर बिता । म भिक्षा मागेर भएपनि एक महिनामा आउँछु भनि गएका शिव शर्मा कुनै ऋषिको आश्रममा गए । लटरम्म फलफूल फलेका थिए शिव शर्माले घरमा सुत्केरी श्रीमती छे केही फलफूल पाउँ भने । ऋषि जोडीले पनि आँफै टिपेर लैजानु भने । क्रमशः आगामी अंकमा



**डा.बलराम उपाध्याय रेग्मी**

---

# दुर्गा ...

आयोजित महोत्सवलाई बृहत् रुपमा अगाडि बढाउने विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो ।

त्यसैगरी पोखरा उप-महानगरपालिका वडा नं. ९ दरवारथोकस्थित चण्डिमाई मन्दिर परिसरमा घटस्थापनादेखि शुरु भएको नवदुर्गा महोत्सव तथा चण्डिपाठ २०६९को पूर्व सन्ध्यामा मंगलबार पूर्वाङ्ग तथा कलशयात्रा सहितको प्रभातफेरी तथा नवदुर्गा महोत्सवको उद्घाटन गरिएको छ । धार्मिक एवं समाजसेवी लिलाभक्त आचार्यले महत्सवको उद्घाटन गर्दै आँफू ५१ वर्ष पहिले वडाध्यक्ष हुँदा उक्त क्षेत्रमा निर्माण गरिएका मन्दिर, सामाजिक कामहरूको बारेमा जानकारी दिंदै सामाजिक कामहरू गर्दा विभिन्न भनाइहरू सुन्नु परेतापनि त्यसको वास्ता नगरिकन अगाडि बढ्दै जानुपर्ने बताउनुभयो ।

कलशयात्रा सहितको प्रभातफेरी दरबारथोकको चण्डिका मन्दिरमा भेला भई नयाँबजारको क्षेत्रीय संग्राहलय हुँदै पृथ्वीचोक सभागृहचोक, न्यूरोड, चिप्लेढुंगा, महेन्द्रपुल, पुनः नयाँबजार हुँदै मन्दिरमा आएर समापन भएको थियो ।

उक्त प्रभातफेरीमा चण्डिका आमा समूह, दरबारथोक टोल विकास संस्था, चण्डिमाई सेवा समिति, चण्डिका युवा क्लब, वडा भित्रका टोल विकास संस्था तथा आमा समूहहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

पोखराकै एकमात्र चण्डिमाई मन्दिरमा पहिलोपटक हुन गैरहेको नवदुर्गा महोत्सव देवी भागवत् कथा घटस्थापनादेखि नवमीसम्म युवा पण्डित गोर्कण बरालले कथा बाचन गर्ने बताईएको छ । नवदुर्गा महोत्सव तथा चण्डिपाठ मूल आयोजक समितिका अध्यक्ष टेकबहादुर भुजेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

त्यसैगरी पोखराको पर्यटकीय क्षेत्र डेभिजफलमा महादुर्गा पूजाको आयोजना गरिएको छ । मंगलबारदेखि सो महोत्सव शुरु भएको हो । महादुर्गा पूजाका अवसरमा दुर्गा पूजास्थल पोखरा १७ डेभिजफलदेखि छोरेपाटन दुर्गा मन्दिर, बेलघारी, डेभिजफल हुँदै विरौटामा पुगी पुनः दुर्गापूजा स्थलमा आई शोभायात्रा सम्पन्न भएको थियो । बाजागाजा र भजन सहित शुरु भएको उक्त शोभायात्रामा विभिन्न आमा समूह, युवा क्लव, टोल विकास संस्था, टोल सुधार संस्थाका प्रतिनिधि तथा समाजसेवी र स्थानीयवासीहरूको सहभागिता रहेको थियो ।

'बलिप्रथा अन्त्य गरौं दुर्गा पूजा सफल बनाऔं' भन्ने उद्घोषका साथ पूजा स्थलमा पुगी समापन भएको उक्त कार्यक्रममा मूल आयोजक समितिका अध्यक्ष भिष्मजी कार्की, महासचिव विष्णुप्रसाद पौडेल लगायतले बोल्नुभएको थियो । उक्त पूजा आर्थिक संकलन गर्नका लागि नभएर धर्म र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले आयोजना गरिएको प्रचार-प्रसार संयोजक दीपेन्द्र पौडेलले जानकारी दिनुभयो ।

त्यस्तै पश्चिमाञ्चल होटल संघ पोखराले तालबाराही मन्दिर परिसरमा नरिवल काट्ने उपकरण मंगलबार जडान गरिदिएको छ । उक्त उपकरणको संघका अध्यक्ष विप्लव पौडेलले शुभारम्भ गर्नुभएको थियो । उपकरण जडान गरेपछि मन्दिर आउने भक्तजनका लागि नरिवल फोर्न सहज भएको छ । यसअघि नरिवल फोर्न भक्तजनले निकै कठिनाई व्यहोर्दै आउनु परेको र नरिवल फोर्दा मन्दिर परिसरमा बिच्छाइएका ढुंगा समेत फोरिने समस्या देखिएको थियो । १५ हजार रुपैयाँको लागतमा संघले उपकरण राखिदिएपछि अब सबै भक्तजन र मन्दिर क्षेत्रका लागि समेत राम्रो भएको मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष मित्रलाल पहारीले जानकारी दिनुभयो । बलि नदिई नरिवल फोर्नेलाई यसले सहजता समेत थपिएको संघका अध्यक्ष पौडेलले जानकारी दिनुभयो । मन्दिर सफाई गर्नका लागि अब एउटा भ¥याङको समेत जरुरत रहेको मन्दिर समितिका उपाध्यक्ष पहारीले बताउनु भयो । यसका लागि व्यक्ति वा संस्था जो सुकैले सहयोग गर्न सक्ने जानकारी उहाँले दिनुभयो ।यसैबीच पश्चिमाञ्चल होटल संघका निवर्तमान अध्यक्ष गोविन्दराज पहारी लगायतले सोमबार घटस्थापनाका अवसरमा पोखराकै प्रसिद्ध मन्दिर विन्ध्यवासिनीमा सरसफाई गरेका छन् ।

# बलीप्रथा...

कुनै धर्म नभएर धर्मका नाउँमा अपनाउँदै आएको कुरीति भएको भन्दै यसलाई हटाउनुपर्ने आवश्यकता औंलाएका हुन् । नेपाल मानव धर्म सेवा समितिका महात्मा चमेली वाईको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल मानव धर्म सेवा समितिका लता वाईजी, नेपाल लामा संघका महासचिव मीन लामा, मानव अधिकारकर्मी माधव पहारी, आनन्द मार्ग प्रचारक संघका विष्णुप्रसाद वराल, ओम शान्तिका व्रह्मकुमार झंकनाथ पौडेल लगायतले बलीप्रथा रोक्ने कार्य अत्यन्त राम्रो कदम भएको बताउनुभयो ।

त्यसैगरी पोखरा १२ र १३मा पनि पशुबली प्रथा विरुद्धको अभियान आइतवार संचालन भएको छ । बलिप्रथा विरुद्ध अभियान मूल आयोजक समितिको आयोजना तथा परोपकार महासंघ नेपाल केन्द्रीय समिति र जिल्ला समितिको सहकार्य तथा वडा इकाई समिति वडा नं १२ र १३को संयोजनमा उक्त कार्यक्रम संचालन भएको हो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय परोपकार महासंघ नेपालका अध्यक्ष भागवत्‌भाष्कर कमलनयन गौतमले अहिंसा नै सबै भन्दा ठूलो धर्म भएको बताउनुभयो । देवी देवताका नाउँमा भाकल गरेर यदी पशुबली नचढाउँदा कसैलाई पाप लाग्छ भने उक्त पाप आँफैले भोग्न तयार रहेको बताउँदै सबैलाई बलीप्रथा विरुद्धको अभियानमा लागेर समाजमा चलिआएको कु-संस्कारलाई हटाउन आग्रह गर्नुभयो ।

पशुबलीमुक्त जिल्लाका रुपमा कास्की जिल्लालाई नै देशकै नमूना जिल्लाका रुपमा चिनाउनका लागि शुरु गरिएको अभियान अन्तर्गत पोखरा उपमहानगर पालिकाका सबै वडालाई पशु बलि मुक्त गर्ने उद्देश्य अनुरुप पोखराको वडा नं. ४ मा बलिप्रथा अन्त्यका लागि चेतनामूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

पशु बलिमुक्त अभियान मूल आयोजक समितिको आयोजना तथा मानव अधिकार पत्रकार संघ (हुर्जा) कास्कीको संयोजनमा भएको कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले हत्या, हिंसाबाट पछि हटेमात्र मानव जीवन सफल र सार्थक बन्नेमा जोड दिनुभएको छ । कार्यक्रम मानव अधिकार पत्रकार संघ (हुर्जा) का उपाध्यक्ष राजेश पराजुलीको सभापतित्वमा सम्पन्न भएको थियो ।

यसैबीच समितिले पोखरालाई पशुबली उन्मूलन जिल्ला घोषणा गर्नका लागि दशैंभित्रमा पोखराका १८ वटै वडामा बलीप्रथा मुक्त क्षेत्र घोषणा गर्ने बताएका छन् ।

# हस्तरेखाको आधारमा ज्योतिष भविष्यवाणी

*ज्यो.डा. बलराम उपाध्याय रेग्मी*

यदि कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखालाई ज्यादै नै छुँदैन भने नाम राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा कमाउनु हुन्छ। धन आवश्यक अनुसारको हुने छ। कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखा छुन्छ भने गोप्य स्वभाव, कंजुस बानी ब्यहोरा, मौका अनुसारको बोली बोल्ने अर्थात् कसरी बोल्दा आँफूलाई फाइदा हुन्छ त्यस अनुसारमात्रै बोल्ने मितव्ययी स्वभावको हुनुहुन्छ।

कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखा नाघ्छ भने तपाईंसंग नगद धन राम्रो बचत हुने गर्दछ। जीवनभरी नगद धनको अभाव/कमी कहिल्यै पनि पर्दैन। यदि कान्छी औंलाले साहिंली औंलालाई टुपुक्कमात्र छुन्छ भने ज्यादा धन त हुँदैन तर आँफूलाई आवश्यक पर्ने नगद मौजूद रहन्छ। जो कसैलाई नगद धन धेरैमात्रामा दिन सक्ने बानी पनि तपाईंको हुँदैन। दिएको धन सजिलैसंग उठ्ने गर्दछ। कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखा छुँदैन भने दिएको धन उठाउन ज्यादै कठिन हुन्छ। धन दिएपछि लाने व्यक्ति शत्रुता गर्दै जान्छन्। मुस्किलसंग साँवा (मूल) धन फिर्ता लिन सकिन्छ त्यो पनि धेरै पटक धाएरमात्रै व्याज भने सधैं घाटा पर्दछ।

साहिंली औंलाको अन्तिम रेखालाई कान्छी औंलाले नाघ्दछ भने श्रीमती, छोरा-छोरी सबैले समान रुपमा सहयोग गर्नेछन्। कुनै एउटा छोराको भर गर्नैपर्दैन। छरछिमेकबाट पनि सहयोग राम्रै पाइन्छ। यदि कान्छी औंलाले सामान्य रुपमा छुन्छ भने कुनै छोराले पनि पाल्ने छैन, आफ्नै परिश्रमले पालिनु पर्नेछ। महिला भए बायाँ र पुरुष भए दायाँ हातबाट हेर्नुपर्दछ। कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखालाई ज्यादै नै नाघ्छ भने श्रीमान्-श्रीमतीको माया, ममता जीवनभरि पाइन्छ। सामान्य रुपमा छुन्छ भने पनि माया, ममता, सहयोग पाइन्छ, यदि छुँदै छुँदैन भने जीवनभरि आँफू अरुलाई सहयोग र माया दिइन्छ, अरुले आँफूलाई माया गर्दैनन्। उल्टै अपजस लगाउने गर्छन्। तर नातो पर्नेमा खोट, अपजश पाए पनि नातो नपर्नेबाट, टाढाका व्यक्तिबाट माया, ममता र सहयोग राम्रै पाइन्छ। कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखा छुँदैन भने आफ्नै कमाई गरेर पढ्नुपर्ने हुन्छ। नाघ्छ भने अरूको सहयोगबाट पढ्न पाइन्छ। सामान्य रुपमा छुन्छ भने पनि अर्कैको सहयोगले पढ्न पाइन्छ। श्रीमतीको बायाँ हातको अथवा तपाईंको देब्रे हातको कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखा छुन्छ, अथवा नाघ्छ, आफ्नो दायाँ हातको कान्छी औंलाले छुँदै छुँदैन भने तपाईं श्रीमतीलाई ज्यादै सहयोग गर्नुहुन्छ। श्रीमती वा श्रीमान् स्वार्थी पाराकी/पाराको भएकाले कुरो नमिलेको हो। अब उप्रान्त आँफूले गर्ने सहयोग गर्नुहोला, श्रीमतीको सहयोगको आशा नै नगर्नु वेश हुनेछ। कान्छी औंलाले साहिंली औंलाको अन्तिम रेखा छुँदैन भने पैसा खर्च नगरे पनि मुद्धा जीत हुन्छ। सामान्य रुपमा छुन्छ भने पैसा केहीमात्रामा खर्च गरेमात्र जीत हुन्छ। यदि ज्यादै नाघ्छ भने पैसा खर्चगर्दा जस्तोसुकै मुद्धा पनि जीत हुनेछ। हातमा विद्यारेखा आयु रेखाबाट सिधा छुन गएको छ, कतै काटिएको छैन, टुटेको पनि छैन, मधुरो पनि छैन भने एकपटक फेल नभई लगातार पढेर मानविकी विषयमा एम्.ए. वा सो सरहको उपाधि पूरा गर्नुहुनेछ। विद्यारेखा ज्यादै गाढा सफा भएमा, साथमा चक्र वा चतुर्भुज वा त्रिभुज चिन्हले छोएको छैन तर, विद्यारेखा सफा गाढा पनि छ भने पनि प्रथम श्रेणीमा उत्तीर्ण हुन सक्नुहुनेछ। हलुका, मधुरो छ विद्यारेखा भने साधारण श्रेणीमा उत्तीर्ण हुनुपर्नेछ।

हातमा विद्यारेखा आयुरेखाबाट विकसित हुँदै साहिंली औंलाको अर्थात् सूर्य पर्वतको अन्तिम रेखा सिधा हुन गएको छ, कतै काटिएको छैन, टुटेको पनि छैन, मधुरो पनि छैन भने एकपटक पनि फेल नभई लगातार पढेर मानविकी विषयमा एम्.ए. वा सो सरहको उपाधि पूरा गर्नुहुनेछ। विद्यारेखा ज्यादै गाढा सफा भएमा, साथमा चक्र वा चतुर्भुज चिन्हले विद्या रेखालाई छोएको छ भने साधारण श्रेणीमा उत्तीर्ण हुनुहुनेछ। हलुका, मधुरो छ विद्यारेखा भने साधारण श्रेणीमा उत्तीर्ण हुनुपर्नेछ। आयुरेखाबाट विकसित हुँदै सूर्य पर्वतको अन्तिम रेखातर्फ एउटामात्रै ठाडो रेखा गएको छ भने मानविकी विषयमा डिग्री हुनेछ। यदि विद्यारेखाले सूर्य पर्वतको अन्तिम रेखा छुन्छ भने एम.ए., छुँदैन भने बी.ए. वा सो सरह, अझै कम् छ भने आई.ए. वा सो सरह, झनै कम् छ भने एस.एल.सी. वा सो सरह, त्यो भन्दा पनि कम छ भने कक्षा ८ सम्मको पढाई हुनेछ।

तपाईंको हातमा साहिंली औंलाको अन्तिम रेखा अर्थात् सूर्य पर्वतको अन्तिम रेखा नजिकैबाट ज्यादै गाढा मजवुत् रेखा कान्छी औंलाको अन्तिम रेखातर्फको कापामा गएको छ भने बी.एड्, बी.एल्, वा एम्.एड्. र एल्.एल्.एम्. जस्ता उपाधि सजिलै प्राप्त गर्न सक्नुहुनेछ भने त्यसतर्फ कुनै रेखा नै छैन भने यी डिग्रीप्राप्त गर्न सकिने छैन। विद्यारेखा कतै काटिएको पनि छैन, कुनै रेखाले छोएको पनि छैन, कतै रेखा टुटेको पनि छैन भने तपाईंलाई विद्यार्थी जीवनमा कहिल्यै पनि फेल वा व्याक लाग्ने हुँदैन। परीक्षा फर्म भरेर जाँच दिन नपाई छुट्ने पनि हुँदैन। जवकि महत्वपूर्ण रेखाले काटेका छन् भने जति पटक काटेका छन् त्यति पटक फेल वा व्याक लाग्ने हुन्छ। जतिवटा रेखाले छोइएका छन्, त्यति पटक परीक्षा छुट्ने हुन्छन्, त्यति पटक फेल वा व्याक लाग्ने हुन्छ। जति ठाउँमा विद्या रेखा टुटेका, छुटेका हुन्छन्, त्यतिपटक पढाई छुट्ने हुन्छ वा छुटेको हुन्छ।

आयुरेखाको फेदीदेखि कान्छी औंलाको फेदीसम्म जतिवटा मजबूत, नकाटिएका सफा र बराबर रेखा हुन्छन्, त्यतिवटा नै विवाह हुन्छन्। यदि विवाह रेखा सलक्क लामो छ भने श्रीमान्को अथवा श्रीमतीको उचाई शरीर राम्रो रहनेछ, यदि छोटो छ भने उचाई होचो छ। यदि विवाह रेखा पातलो सलक्कको छ भने श्रीमती वा श्रीमान्को शरीर पातलो हुनेछ।

यदि विवाह रेखा एउटा मजवूत छ, अरू काटिएका छन् भने विवाह एउटामात्रै हुनेछ। विवाह रेखा सबै काटिएका छन् भने वा विवाह रेखा एउटा पनि छैन भने गृहस्थी जीवन सफल हुनेछैन। विवाह गर्नुभन्दा नगर्नु वेश हुन्छ। धेरै व्यक्तिहरू यस्तो योगवाला महात्मा भेटिएका छन्। साहिंली औंला र माहिली औंलाको बीचमा कुनै रेखा विकसित भएको छ भने तपाईंले चाहेमा पी.एच्.डी गर्न पक्कै सक्नुहुनेछ अर्थात् सूर्य पर्वतको फेदीको रेखादेखि दायाँतर्फबाट कुनै रेखा विकसित भएको छ भने एम्.ए. वा सो सरहको उपाधि प्राप्त गरेपनि एम्.फिल.वा एम्.लिट्. अथवा पी.एच्.डी. को डिग्री अनिवार्य रुपमा पूरा गर्न सकिनेछ। यदि आयु रेखाबाट विकसित भै कुनै ठाडो रेखा शनि पर्वतबाट गएको रहेछ र त्यो रेखा कतै काटिएको छैन, टुटेको पनि छैन, अस्पष्ट मधुरो पनि होइन, सफा गाढा छ भने राजनीतिमा सक्रिय रुपमा लाग्दा फाइदा हुन्छ। यदि राजनीति रेखा विद्यारेखा जस्तै शुरुदेखि अन्तिमसम्म सफा छ भने तपाईंले शुरुदेखि नै राजनीतिलाई पेशा मानेर लाग्नु वेश हुन्छ। शुक्र पर्वतमा जतिवटा मोटा रेखा र गाढा छन्, कतै काटिएका छैनन्, टुटेका छैनन्, मधुरा, अस्पष्ट पनि छैनन् भने रेखाजति छन् त्यतिवटा छोरा हुन्छन्। पातला, सफा रेखा कतै नकाटिएका, नटुटेका जति छन् त्यतिवटी छोरी हुन्छिन्। रेखा जति सफा छन् र गाढा छन् त्यसअनुसार नै सन्तान निर्णय गरिन्छ। प्रथमरेखा पातलो छ वा मोटो त्यसअनुसार प्रथम सन्तान् छोरी वा छोरा हुन्छ। बुढी औंलाको फेदी रेखादेखि क्रमशः जेठो सन्तान् लगायत सन्तानहरूको निर्णय गरिन्छ।

यदि आयुरेखा बुध पर्वतको फेदीदेखि विकसित भै चोर औंला र माझी औंलाकोबीच भागमा पुगेर रोकिएको छ भने आयु (उमेर) पूरा १०० वर्षको हुन्छ। पूर्णाङ्क १०० मानेर १०x१०=१०० अथाव २०x५=१०० अथवा २५x४ =१००को आधारमा आयुरेखा जहाँ पुगेको छ त्यही अनुपातमा आयुरेखा हुन्छ।

यदि तपाईंको आयुरेखामा ... यस्ता दाग वा चिन्ह छन् भने जतिवटा यस्ता दाग वा चिन्ह छन् त्यतिपटक एक्सरे गर्नुपर्ने हुन्छ। आयुरेखामा ज्यादै गाढा, गहिरो, दाग छ भने (.) निश्चित् रुपमा जतिवटा गाढा चिन्ह छन् त्यतिपटक तपाईंको अप्रेसन गर्दागर्दै मृत्यु हुन्छ। यदि तपाईंको पैतृकरेखा मणिबन्ध रेखामाथिबाट विकसित हुँदै चोर औंलाको फेदीतर्फ कहीं कतै नकाटिकन या कतै पनि टुट नभईकन गएको छ भने पिताज्यूको स्वास्थ्य राम्रो हुन्छ। कुनै दुर्घटनामा पर्नुहुनेछैन। यदि पैतृक रेखा ... यस्ता चिन्ह छन् भने जति थोपा वा दाग छन् त्यतिवटा नै एक्सरे हुन्छन्। जतिवटा गाढा चिन्ह/दाग हुन्छन् त्यतिवटा अप्रेशन हुन्छन् त्यति ठाउँमा कष्ट तपाईंको पिताजीलाई पर्ने हुन्छन्। यदि मातृरेखा पूरा सफा, कुनै रेखाले नकाटेको, कतैपनि टुटेको छैन भने तपाईंकी आमाको स्वास्थ्य सबै प्रकारले राम्रो हुने देखिन्छ। महिला अथवा पुरुष दुवैको बायाँ (देब्रे हात) बाट श्रीमतीको आफ्नै बारे हेरिन्छ। दुबै पुरुष/महिलाको दायाँ हातले श्रीमान् स्वयं अथवा महिलाको हात भए श्रीमान्बारे दाहिने हातबाट पूरा जानकारी पाइन्छ। यदि दायाँ हातको सूर्य पर्वतमा विद्याको रेखा छ भने निश्चित् रुपमा श्रीमान् पढेको शिष्ट सभ्य हुन्छ अथवा बायाँ हातमा विद्याको रेखा छ भने श्रीमती पनि पढेकी हुन्छिन्। तपाई यदि पुरुष भए दायाँ हातमा, महिला भए बायाँ हातमा पितृरेखादेखि दक्षिण चन्द्र पर्वततर्फ ठाडो रेखा गएका छन् भने जतिवटा रेखा गएका छन्, त्यति पटक विदेश जान पाउनुहुनेछ। यदि विदेश रेखामा यस्तो (x) काटेको वा इन्टु चिन्ह छ भने जतिवटा रेखा छन् त्यतिपटक विदेश जाने मौका गुमेको वा रद्ध भएको हुन्छ। यति तपाईंको दायाँ हातमा यस्तो चतुर्भुज चिन्ह छन् भने जतिवटा छन्, त्यतिवटा घर वा घडेरी अवश्य पनि हुन्छन्। दायाँ हातको चतुर्भुज चिन्हले लोग्ने मानिसको नाममा भएको लालपूर्जावाल घर/घडेरी भन्ने बुझ्नुपर्दछ। त्यस्तै देब्रे हातमा जतिवटा यस्ता चतुर्भुज चिन्ह होलान् त्यतिवटा नै घर/घडेरी श्रीमतीको नाममा लालपूर्जावाला हुन्छन्।

यदि तपाईंको दायाँ हातमा बुध, सूर्य, शनि, शुक्र चन्द्र पर्वतमध्ये जो भुक्क उठेको छ। कुनै चिन्ह छैन भने त्यही पर्वतले जनाउने वार नै जुनसुकै काम गर्नका लागि शुभ हुन्छ। यदि दायाँ हातमा कुनै पर्वत राम्रो विकसित छ भने त्यो पर्वतले जनाउने बार अशुभ हुन्छ। यदि तपाईंको दायाँ हातमध्ये दुवै वा एउटा जो छ, ज्यादै गाढा रातो रंगको छ भने तपाईंलाई हत्याको आरोप अवश्य पनि लाग्ने गर्दछ। यदि पूरै शरीर रक्ताम्मे रातो छ भने तपाईंबाट अर्काको हत्या पनि निश्चित् रुपमा हुनेछ।

यदि हात लगायत सम्पूर्ण शरीरको रंग हलुका, फुस्रो र सेतोपन लिएको छ भने तपाईंका शरीरमा रगतको कमीको रोग छ। महिला भए लिकोरिया रोग छ। लिकोरिया रोग भन्नाले महिनावारीको ४/५ दिन बाहेक सधैं योनीबाट सेतोपानी बग्ने रोग हो। यदि बायाँ अंगमा कोठी छन् भने जुन अंगमा छन् त्यै अंगले गरिने काम अशुभ हुन्छ। खासगरी घुँडादेखि नाभिसम्म कुनै महिलाको देब्रे, पुरुषको बायाँ अंगमा कोठी छन् भने निश्चित् रुपमा ती महिला/पुरुष शंकास्पद चरित्रका हुन्छन्। यदि तपाईंको आयुरेखालाई मजवूत प्रकारका धेरै रेखाहरूले काटेका छन् भने तपाईंलाई पागलपन/चिन्ता रोगले अवश्य पनि सताउने हुन्छन्। त्यै उमेरमा पागलपन/चिन्ता रोगले सताउने हुन्छ। तपाईंको हात हत्केला लगायत सम्पूर्ण औंलाहरू पनि ज्यादै कोमल छन् भने तपाईं भावुक व्यक्ति हुनुहुन्छ। पूरै जीवन आराम र सुखी हुन्छ। ज्यादै कठोर हत्केला र औंला भएको व्यक्ति कठोर स्वभाव, निर्दयी र जीवनभरि दुःख पाउने हुन्छ। *लेखक : संयोजक, मेची-महाकाली ज्योतिष जागरण अभियान नेपाल।*

## दशैं टीका ११:२९ बजे

ज्यो. डा. बलराम उपाध्याय रेग्मी

**पोखरा**ः यो वर्षको विजया दशमीको टीका लगाउने समय बिहान ११:२९ मिनेट जाँदा सर्वोत्तम शुभ रहेको छ। कार्तिक ८ गते बुधबार बिहान ११ बजेर २६ मिनेटदेखि १२:२० बजेसम्म अभिजित् मुहूर्तसमेत पर्ने भएकाले सो समयमा विजयादशमीको टीका लगाउनु सर्वोत्तम शुभ मानिएको छ।

कुनैपनि शुभ टीका लगाउन सर्वप्रथम लग्न बलवान हुनुपर्ने, दोस्रोमा भेटेसम्म अभिजित मुहूर्त पार्नु उत्तम हुने र तेस्रोमा बार बेलामध्ये शुभ, लाभ र अमृत कुनै परेमा अति उत्तम हुने र यी तीनवटै नियम यस पालाको विजयादशमीमा देखिन गएकाले कार्तिक ८ गते बुधबारको टीका बिहान ११:२९ मा लगाउनु अति उत्तम हुनेछ। कार्तिक ८ गते पर्न गएको विजयादशमी पर्वको मुख्य खराबी नजिक टाढा सबै प्रकारको यात्रामा विशेष सतर्क रहनु आवश्यक देखिएको छ। टीका लगाइदिने व्यक्ति दक्षिण फर्किने, टीका लगाईमाग्ने व्यक्ति पश्चिम् दिशातर्फ फर्कनुपर्ने ज्योतिष वैज्ञानिक दृष्टिकोणमा देखिएको छ।

## कन्यामा भू.पू.को साधारणसभा

ज्योतिष भविष्यवाणी

**पोखरा**ः पोखराको नदीपुरस्थित कन्या मा.वि.का पूर्व विद्यार्थीहरूको साझा संस्था भू.पू. विद्यार्थी संघको प्रथम साधारणसभा गत आश्विन २६ गते शुक्रबार सम्पन्न भएको छ। विद्यालयकी प्रधान अध्यापिका चित्राकुमारी गुरुङले उद्घाटन गर्नुभएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष प्रा.डा.यादव शर्मा गौडेल, पूर्व प्राधानाध्यापक तथा साहित्यकार तेजनाथ घिमिरे, शिक्षक अभिभावक संघका अध्यक्ष वामन कुमार पराजुली, शिक्षक ऋषिकेशव सुवेदी, विद्यार्थी पूजा श्रेष्ठ लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। साधारण सभाले आगामी कार्यकालका लागि शान्ति पौडेलको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति समेत चयन गरेको छ, जसको उपाध्यक्ष, सचिव, उपसचिव, कोषाध्यक्ष क्रमशः सुमित्रा उदास, रेखा मर्सानी, प्रतीभा रिमाल र अनार भारी रहनुभएको छ भने सदस्यहरूमा दिव्येश्वरी बाटाजू, सीता तामाङ, ज्योती श्रेष्ठ, इन्दु भट्टराई, सुनिता गुरुङ र पार्वती बराल हुनुहुन्छ।

# महायज्ञमा तीनलाख संकलन

ज्योतिष भविष्यवाणी

**पोखरा**: अकलादेवी मन्दिर परिसरमा विजयादशमी तथा शुभ दीपावलीको अवसरमा शुरु भएको श्रीदेवीभागवत् पितृउद्धार नवाह ज्ञानयज्ञको मंगलबार दोस्रो दिन तीन लाख रुपैयाँ संकलन भएको प्रचार-प्रसार समितिका संयोजक विष्णु गौतमले जानकारी दिनुभयो। कास्कीको लामाचौर-४ मा रहेको अकलादेवी मन्दिरलाई विस्तृत गुरूयोजना मार्फत् वृहत धार्मिक क्षेत्रको रूपमा विकास गर्ने उद्देश्यका साथ आयोजना गरेको उक्त ज्ञानयज्ञ कार्तिक ७ गतेसम्म चल्ने छ। ज्ञानयज्ञमा मुक्तिनाथ श्रीकृष्ण ट्रष्ट नेपालका प्रमुख बालव्यास श्रीराम प्रपन्नाचार्य ऋषिगुरु प्रमुख वाचकको रूपमा रहनुभएको छ।


## हार्दिक शुभकामना

नेपालीहरूको महान चाड बडादशैं तथा विजयादशमी-२०६९ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभेच्छुक, शुभचिन्तक, इष्टमित्र लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं समृद्धि सहित उत्तरोत्तर प्रगतिका लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

प्रोप्राइटर परशुराम महत

**तनहुँ अफसेट प्रेस**

नयाँबजार, पोखरा (बतास ब्रदर्शको ठीक अगाडि)

फोन : ०६१-५२२४२८, ९८४६०९४०२०

स्तरीय छपाई सम्बन्धी सम्पूर्ण कामका लागि हामीलाई सम्झनुहोस्।




**अब काम गर्ने शैली पनि नयाँ होला कि ?** मुलुक हाँक्ने र जनताको सबैभन्दा बढी सरोकार राख्ने निकाय नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत नेपालको दोस्रो ठूलो शहर पोखरास्थित जिल्ला प्रशासन कार्यालय कास्कीको नवनिर्मित भवन। यो भवन २ करोड ५१ लाख १३ हजार ७ सय रुपैयाँको लागतमा हालसालै निर्माणकार्य सम्पन्न भएको हो। डाँफे, इन्द्रेणी र नयाँबाटो नामक ३ कम्पनीको संयुक्त निर्माणमा निर्मित भवनमा २४ वटा मुख्य कोठाहरू रहेका छन्। भवन आधुनिक तरिकाले बनाइएको तर ज्योतिष एवं वास्तुशास्त्रलाई त्यति ध्यान दिन नसकिएको देखिन्छ। जतातती अस्तव्यस्त भद्रगोलमात्र देखिइरहने जिल्ला प्रशासन कार्यालय कास्कीले नयाँ, आकर्षक भवनमात्रै पाएन प्रमुख जिल्ला अधिकारी पनि नयाँ पाएको छ। नयाँ भवनमा बसेर, नयाँ प्रमुख जिल्ला अधिकारीको मातहतका कर्मचारीले गर्ने कामको शैली नयाँ हुन्छ या हुँदैन त्यो हेर्न बाँकी छ। तस्वीर : हरि पन्त/ज्यो.भ.

**ज्योतिष शिक्षाले हरेक कामलाई सहज र सफल बनाउँछ।**

# आन्दोलनमा नेता र संचारकर्मीको समर्थन

ज्योतिष भविष्यवाणी

**पोखरा**: पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा दवाब दिन पोखरा विमानस्थलमा थालिएको रिले अनसन बुधबारसम्म पनि जारी छ। अनसनमा १ हजार ५ सय ३० जना बसिसकेका छन्। मंगलबार रेडियो सफलताका कर्मचारीहरू अनसनमा बस्नुभएको छ।

अनसनमा गोविन्द कोइराला, देवेन्द्र क्षेत्री, प्रल्हादचन्द्र घिमिरे, रघुनाथ लामिछाने, मधु अधिकारी, राधिका नेपाली, कृष्ण बराल, सुविना बराल, चन्द्रमोहन अधिकारी, प्रमिला भुगाई, कमल अर्याल, नारायण भट्टराई, भीम थापा बस्नुभएको थियो।

रेडियो सफलताले आन्दोलनमा ऐक्यवद्धता जनाउँदै मंगलबार बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म आफ्नो प्रशारण समेत बन्द गरेको बताएको छ। पोखरेलीले विमानस्थल माग्दै थालेको आन्दोलनमा कवि तथा नेताहरूले पनि ऐक्यवद्धता जनाएका छन्। राष्ट्रकवि माधव घिमिरे, पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापा, एमालेका स्थायी समिति सदस्य भरतमोहन अधिकारी, एमालेका पोलिटव्यूरो सदस्य पृथ्वीसुब्बा गुरुङ र युवा संघ नेपालका अध्यक्ष महेश बस्नेतले अनसन स्थलमा पुगेर ऐक्यवद्धता जनाउनुभएको हो। उहाँहरूले पोखरेलीको माग जायज भएको र पोखरामा विमानस्थल बन्नुपर्ने बताउनुभएको थियो।

चीनको एक्जिम बैंकको सहयोगमा पोखराको छिनेडाँडामा अन्तर्राष्ट्रियस्तरको क्षेत्रीय विमानस्थल निमार्णका लागि ठेक्का दिने प्रक्रिया अन्तिम चरणमा पुगेको बेलामा भएको अनेक बाहनाबाजी र सरकारी उदासिनताले विमानस्थल निर्माणको कामले मूर्तरुप नपाएपछि आन्दोलनलाई जारी नै राखिएको छ।

वि.सं.२०३१ सालमा ३ हजार १ सय ६ रोपनी जग्गा विमानस्थल निर्माणको लागि अधिग्रहण गरिएको थियो। पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल माग्दै आन्दोलित बनेका पोखरेलीले सिहंदबार घेराउ, पोखरा विमानस्थल ठप्प पार्नुका साथै बृहत् जन प्रदर्शन लगायतका कार्यक्रम गरिसकेका छन्।

यसैबीच संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पोष्टबहादुर बोगटीले विमानस्थल निर्माणका लागि दुई मोडेल इ फोर र डी फोर जुधेकाले समस्या भएको बताउनु भएको छ।

उहाँले डी फोरमै क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बन्ने बताउनुभयो। डी फोरमा बन्ने विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्दा केही माथिल्लो स्तरको हुने मन्त्री बोगटीले स्पष्ट पार्नुभयो। उहाँले क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रियागत रुपमा अड्किएको बताउनुभयो।


## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ। अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ। ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस्।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला। यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला।



सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय :

पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल।

Phone/Fax - +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet.com.np/haripanta@gmail.com

Website: www.jbweekly.com, www.Facebook.com/jbweekly



## हार्दिक शुभकामना

नेपालीहरूको महान चाड बडादशैं तथा विजयादशमी-२०६९ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभेच्छुक, शुभचिन्तक, इष्टमित्र लगायत स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण हिन्दूधर्म प्रेमी नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं समृद्धि सहित उत्तरोत्तर प्रगतिका लागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

**पोखरा टेक्सटाइल मिल्स प्रा.लि. परिवार**

औद्योगिकक्षेत्र, पोखरा

फोन : ०६१-५२३३४८(उद्योग), ०६१-५२५६६८(शो-रुम)

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/७/२<br>Oct.18, 2012 | बिहान ६:०६ बजेदेखि ७:३६ बजेसम्म शुभ/बिहान ७:३६ बजेदेखि ९:०६ बजेसम्म रोग/बिहान ९:०६ बजेदेखि १०:३६ बजेसम्म उद्वेग/बिहान १०:३६ देखि १२:०६ बजेसम्म चर/दिनमा १२:०६ देखि दिनमा १:३६ बजेसम्म लाभ/दिनमा १:३६ बजेदेखि ३:०६ बजेसम्म अमृत/दिनमा ३:०६ देखि ४:३६ बजेसम्म काल/बेलुकी ४:३६ देखि ६:०६ बजेसम्म शुभ। |
| शुक्रबार<br>२०६९/७/३<br>Oct.19, 2012 | बिहान ६:०७ बजेदेखि ७:३७ बजेसम्म चर/बिहान ७:३७ बजेदेखि ९:०७ बजेसम्म लाभ/बिहान ९:०७ बजेदेखि १०:३७ बजेसम्म अमृत/बिहान १०:३७ देखि १२:०७ बजेसम्म काल/दिनमा १२:०७ देखि दिनमा १:३७ बजेसम्म शुभ/दिनमा १:३७ बजेदेखि ३:०७ बजेसम्म रोग/दिनमा ३:०७ देखि ४:३७ बजेसम्म उद्वेग/बेलुकी ४:३७ देखि ६:०७ बजेसम्म चर। |
| शनिबार<br>२०६९/७/४<br>Oct.20, 2012 | बिहान ६:०७ बजेदेखि ७:३७ बजेसम्म काल/बिहान ७:३७ बजेदेखि ९:०७ बजेसम्म शुभ/बिहान ९:०७ बजेदेखि १०:३७ बजेसम्म रोग/बिहान १०:३७ देखि १२:०७ बजेसम्म उद्वेग/दिनमा १२:०७ देखि दिनमा १:३७ बजेसम्म चर/दिनमा १:३७ बजेदेखि ३:०७ बजेसम्म लाभ/दिनमा ३:०७ देखि ४:३७ बजेसम्म अमृत/बेलुकी ४:३७ देखि ६:०७ बजेसम्म काल। |
| आइतबार<br>२०६९/७/५<br>Oct.21, 2012 | बिहान ६:०८ बजेदेखि ७:३८ बजेसम्म **उद्वेग**/बिहान ७:३८ बजेदेखि ९:०८ बजेसम्म **चर**/बिहान ९:०८ बजेदेखि १०:३८ बजेसम्म **लाभ**/बिहान १०:३८ देखि १२:०८ बजेसम्म **अमृत**/दिनमा १२:०८ देखि १:३८ बजेसम्म **काल**/दिनमा १:३८ बजेदेखि ३:०८ बजेसम्म **शुभ**/दिनमा ३:०८ देखि ४:३८ बजेसम्म **रोग**/बेलुकी ४:३८ देखि ६:०८ बजेसम्म **उद्वेग**। |
| सोमबार<br>२०६९/७/६<br>Oct.22, 2012 | बिहान ६:०९ बजेदेखि ७:३९ बजेसम्म **अमृत**/बिहान ७:३९ बजेदेखि ९:०९ बजेसम्म **काल**/बिहान ९:०९ बजेदेखि १०:३९ बजेसम्म **शुभ**/बिहान १०:३९ देखि १२:०९ बजेसम्म **रोग**/दिनमा १२:०९ देखि दिनमा १:३९ बजेसम्म **उद्वेग**/दिनमा १:३९ बजेदेखि ३:०९ बजेसम्म **चर**/दिनमा ३:०९ देखि ४:३९ बजेसम्म **लाभ**/बेलुकी ४:३९ देखि ६:०९ बजेसम्म **अमृत**। |
| मंगलबार<br>२०६९/७/७<br>Oct.23, 2012 | बिहान ६:०९ बजेदेखि ७:३९ बजेसम्म **रोग**/बिहान ७:३९ बजेदेखि ९:०९ बजेसम्म **उद्वेग**/बिहान ९:०९ बजेदेखि १०:३९ बजेसम्म **चर**/बिहान १०:३९ देखि १२:०९ बजेसम्म **लाभ**/दिनमा १२:०९ देखि दिनमा १:३९ बजेसम्म **अमृत**/दिनमा १:३९ बजेदेखि ३:०९ बजेसम्म **काल**/दिनमा ३:०९ देखि ४:३९ बजेसम्म **शुभ**/बेलुकी ४:३९ देखि ६:०९ बजेसम्म **रोग**। |
| बुधबार<br>२०६९/७/८<br>Oct.24, 2012 | बिहान ६:१० बजेदेखि ७:४० बजेसम्म **लाभ**/बिहान ७:४० बजेदेखि ९:१० बजेसम्म **अमृत**/बिहान ९:१० बजेदेखि ११:४० बजेसम्म **काल**/बिहान ११:४० देखि १२:१० बजेसम्म **शुभ**/दिनमा १२:१० देखि दिनमा १:४० बजेसम्म **रोग**/दिनमा १:४० बजेदेखि ३:१० बजेसम्म **उद्वेग**/दिनमा ४:१० देखि ४:४० बजेसम्म **चर**/बेलुकी ४:४० देखि ६:१० बजेसम्म **लाभ**। |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/७/२<br>Oct.18, 2012 | बेलुकी ६:०६ बजेदेखि ७:३६ बजेसम्म **अमृत**/साँझ ७:३६ बजेदेखि ९:०६ बजेसम्म **चर**/राति ९:०६ बजेदेखि १०:३६ बजेसम्म **रोग**/राति १०:३६ देखि १२:०६ बजेसम्म **काल**/राति १२:०६ देखि १:३६ बजेसम्म **लाभ**/राति १:३६ बजेदेखि ३:०६ बजेसम्म **उद्वेग**/राति ३:०६ देखि ४:३६ बजेसम्म **शुभ**/बिहानमा ४:३६ देखि ६:०६ बजेसम्म **अमृत**। |
| शुक्रबार<br>२०६९/७/३<br>Oct.19, 2012 | बेलुकी ६:०७ बजेदेखि ७:३७ बजेसम्म **रोग**/साँझ ७:३७ बजेदेखि ९:०७ बजेसम्म **काल**/राति ९:०७ बजेदेखि १०:३७ बजेसम्म **लाभ**/राति १०:३७ देखि १२:०७ बजेसम्म **उद्वेग**/राति १२:०७ देखि १:३७ बजेसम्म **शुभ**/राति १:३७ बजेदेखि ३:०७ बजेसम्म **अमृत**/राति ३:०७ देखि ४:३७ बजेसम्म **चर**/बिहानमा ४:३७ देखि ६:०७ बजेसम्म **रोग**। |
| शनिबार<br>२०६९/७/४<br>Oct.20, 2012 | बेलुकी ६:०७ बजेदेखि ७:३७ बजेसम्म **लाभ**/साँझ ७:३७ बजेदेखि ९:०७ बजेसम्म **उद्वेग**/राति ९:०७ बजेदेखि १०:३७ बजेसम्म **शुभ**/राति १०:३७ देखि १२:०७ बजेसम्म **अमृत**/राति १२:०७ देखि १:३७ बजेसम्म **चर**/राति १:३७ बजेदेखि ३:०७ बजेसम्म **रोग**/राति ३:०७ देखि ४:३७ बजेसम्म **काल**/बिहानमा ४:३७ देखि ६:०७ बजेसम्म **लाभ**। |
| आइतबार<br>२०६९/७/५<br>Oct.21, 2012 | बेलुकी ६:०८ बजेदेखि ७:३८ बजेसम्म **शुभ**/साँझ ७:३८ बजेदेखि ९:०८ बजेसम्म **अमृत**/राति ९:०८ बजेदेखि १०:३८ बजेसम्म **चर**/राति १०:३८ देखि १२:०८ बजेसम्म **रोग**/राति १२:०८ देखि १:३८ बजेसम्म **काल**/राति १:३८ बजेदेखि ३:०८ बजेसम्म **लाभ**/राति ३:०८ देखि ४:३८ बजेसम्म **उद्वेग**/बिहानमा ४:३८ देखि ६:०८ बजेसम्म **शुभ**। |
| सोमबार<br>२०६९/७/६<br>Oct.22, 2012 | बेलुकी ६:०९ बजेदेखि ७:३९ बजेसम्म **चर**/साँझ ७:३९ बजेदेखि ९:०९ बजेसम्म **रोग**/राति ९:०९ बजेदेखि १०:३९ बजेसम्म **काल**/राति १०:३९ देखि १२:०९ बजेसम्म **लाभ**/राति १२:०९ देखि १:३९ बजेसम्म **उद्वेग**/राति १:३९ बजेदेखि ३:०९ बजेसम्म **शुभ**/राति ३:०९ देखि ४:३९ बजेसम्म **अमृत**/बिहानमा ४:३९ देखि ६:०९ बजेसम्म **चर**। |
| मंगलबार<br>२०६९/७/७<br>Oct.23, 2012 | बेलुकी ६:०९ बजेदेखि ७:३९ बजेसम्म **काल**/साँझ ७:३९ बजेदेखि ९:०९ बजेसम्म **लाभ**/राति ९:०९ बजेदेखि १०:३९ बजेसम्म **उद्वेग**/राति १०:३९ देखि १२:०९ बजेसम्म **शुभ**/राति १२:०९ देखि १:३९ बजेसम्म **अमृत**/राति १:३९ बजेदेखि ३:०९ बजेसम्म **चर**/राति ३:०९ देखि ४:३९ बजेसम्म **रोग**/बिहानमा ४:३९ देखि ६:०९ बजेसम्म **काल**। |
| बुधबार<br>२०६९/७/८<br>Oct.24, 2012 | बेलुकी ६:१० बजेदेखि ७:४० बजेसम्म **उद्वेग**/साँझ ७:४० बजेदेखि ९:१० बजेसम्म **शुभ**/राति ९:१० बजेदेखि १०:४० बजेसम्म **अमृत**/राति १०:४० देखि १२:१० बजेसम्म **चर**/राति १२:१० देखि १:४० बजेसम्म **रोग**/राति १:४० बजेदेखि ३:१० बजेसम्म **काल**/राति ३:१० देखि ४:४० बजेसम्म **लाभ**/बिहानमा ४:४० देखि ६:१० बजेसम्म **उद्वेग**। |

# तपाईंको यो हप्ता

(कार्तिक २ गते बिहीबारदेखि कार्तिक ८ गते बुधबारसम्म)
(From Oct.18, 2012 to 24, 2012)

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषः तपाईंका लागि यो हप्ता तपाईंले जे काम गर्न खोज्यो बाधामात्रै पर्ने, काम गर्ने वातावरण पनि राम्रो नमिल्ने, जतागयो काममा ढिलासुस्ती तपाईंको मन पनि अस्थिर भइरहने छ। आँटेका, शुरु गरेका काम थोरै पूरा हुने, धेरै अधूरा रहने छन्। ठूलो लगानी नगर्नु नै वेस हुनेछ। यो हप्ता समय खराब रहेकाले खानामा विशेष सतर्क हुनुपर्ने देखिन्छ।

२. वृषः तपाईंलाई यो हप्ता पदीय प्रमोसन अथवा पैसा परिश्रम अनुसारको हात पर्ने समय रहेको छ। जग्गा, जमिन किन्न चाहनु हुन्छ भने यो हप्ता अत्यन्त शुभ रहनेछ। पुराना छुटेका इष्टमित्रसंग भेट हुने मौका पनि पाउनु हुनेछ। विशेष गरी उत्तर र पूर्व दिशाको यात्राले फाइदा मिल्नेछ। समयको राम्रो उपयोग गर्न सक्नु भएमा प्रगति छिटो गर्न सकिनेछ। समय शुभ रहे तापनि घरमा चोरी हुनबाट जोगाउनु होला। बिहीबार यात्रामा निस्कनु पनि ठीक छैन।

३. मिथुनः तपाईंका लागि यो हप्ता स्वास्थ्य ठीकठाक रहने देखिन्छ। प्रतिष्ठामूलक कार्यक्रममा सहभागी हुन पाइने सम्भावना बलियो छ। सोचेअनुसार सहयोग सबै वर्गबाट पाउनु हुनेछ। कुनै विशेष प्रकारको कार्यमा सहभागी हुने मौका पनि पाइनेछ। आफन्तसंग भेटघाटको अवसर मिल्ने, समग्रमा यो हप्ताको समय शुभ भए तापनि बाह्य शरीरमा चोट लाग्ने सम्भावना छ।

४. कर्कः तपाईंका लागि यो हप्ता सोमबारको दिन विशेष खराब रहने भए तापनि अन्य दिन स्वास्थ्य सन्तुलित रहनेछ। गर्न खोजेका काममा धेरैतिरबाट रोकावट, झन्झट बेहोर्नु पर्ने देखिन्छ। आम्दानीभन्दा खर्चमा लगातार वृद्धि हुँदै जाने, पश्चिम दिशाको यात्रामा झन्झट, घरमा अनावश्यक कलह मच्चिन सक्ने हुनाले सतर्क रहनुहोला। अरूको लहैलहैमा लाग्दा प्रहरीको फन्दामा पनि पर्न सकिने सम्भावना छ।

५. सिंहः तपाईंलाई यो हप्ता पेट सम्बन्धी रोगले सताउने सम्भावना बलियो छ। खानामा अनियमित असन्तुलनले स्वास्थ्यमा बाधा आइपर्नेछ विशेष ख्याल गर्नुहोला। सानो कुरामा विवाद गरी अलमलाउने प्रयास हुनेछन् सतर्क हुन आवश्यक छ। घर बस्नु, कसैलाई नगद पैसा सोमबार पारेर दिने काम ठीक छैनन्। विचार पुऱ्याएरमात्र यात्रामा निस्कनु राम्रो हुनेछ।

६. कन्याः यो हप्ता तपाईंलाई स्वास्थ्यले साथ राम्रै दिनेछ। मनमा फूर्ति र उत्साह बढेकै हुनेछ। काममा जाँगर बढ्नेछ, जागीर खाने ईच्छा भएमा प्रयास गर्नुहोस् सफलता मिल्ने छ। कसैलाई नगद धन दिएका भए यो हप्ता माँगे पाइन्छ। तपाईंले आँटेका सबै काममा राम्रो सफलता पाइने छ। कहीं कतैबाट नगद रकम दिनुपर्नेछ भने यस हप्तामा पाइन सक्नेछ।

७. तुलाः तपाईंका लागि यो हप्ता जुनसुकै काम गर्न खोज्दा पनि विघ्नबाधा हैरानी हुने देखिन्छ। मनमा सोचे अनुसारको प्रगति नभई दिंदा तीव्र अशान्तिको अनुभव हुनेछ। यात्राको लागि समय त्यति शुभ छैन। वायू, ग्यास्ट्रिक, शरीर दुख्ने, खानामा अनियमितता, अप्रिय लाग्ने समाचार सुन्नुपर्ने सम्भावना पनि बलियो छ। समग्रमा समय खराब छ, सर्तक हुनुहोला।

८. वृश्चिकः तपाईंलाई यो हप्ता स्वास्थ्यमा सुधार हुँदै जानेछ। आफन्तसंग भएको भेटले मनमा खुशीयाली छाउनेछ। आम्दानीका स्रोतहरू बढ्दै जानेछन्। धार्मिक कार्यमा लगानी गर्न मन लाग्नेछ। नयाँ कार्यको थालनी गर्नु छ भने यो हप्तामा शुभ हुने देखिन्छ। यो हप्ताको अन्तिम दिन बुधबार खराब रहेकाले प्रेमीप्रेमिका बीचमा खट्पट आउन सक्ने छ।

९. धनुः तपाईंलाई यो हप्ता काममा आफन्त पर्ने व्यक्ति नै बाधा पुऱ्याउने देखिन्छ। मनमा ढुक्कपन नहुने जे काम गर्न खोज्यो विना पैसा काम नबन्ने, पेट वा शरीरको कुनै भागमा रोग लाग्ने, चोट लाग्ने बलियो सम्भावना छ। गाडी चलाउँदा विशेष ख्याल गर्नुहोला। परिश्रम खूबै नगरी नहुने तर समयमा खाना खान नपाइने वा गड्बडीको सम्भावना बलियो छ।

१०. मकरः तपाईंको यो हप्ता सन्तुलित भोजन र शारीरिक व्यायाम राम्रो भएमा स्वास्थ्य ठीकठाक रहनेछ। नौलो ठाउँ, नौला व्यक्तिसंगको भेटघाटले मनमा प्रशन्नताको अनुभव हुनेछ। मंसिर २५ गतेसम्म दशम् राहु ग्रह खराब छ, सतर्क हुनुहोला। समग्रमा यो हप्ताको समय शुभ छ।

११. कुम्भः तपाईंका लागि यो हप्ता स्वास्थ्यमा खासै खराबी नआउला। आँटेका काम सबै पूरा नभए पनि हतासको अनुभव नगरी लागि पर्दा राम्रो हुनेछ। यो हप्ता ठूलो लगानी गर्नु जोखिमपूर्ण छ। त्यसकारण तत्काल पेशा परिवर्तन, ठूलो लगानी, कसैलाई नगद पैसा दिने काम नगर्नु होला।

१२. मीनः तपाईंलाई यो हप्ता सरकारी कार्यालयबाट लिने काम बन्नेछैन। आश्रित कर्मचारी, आफ्ना छोराछोरी पनि तपाईंको पक्षमा देखिंदैनन्। स्वास्थ्य पनि भरपर्दो नरहला। अनावश्यक खर्चले सताउला। सक्नुहुन्छ भने सबै काममा सावधानी राख्नु नै बेस हुनेछ। यो हप्ता पश्चिम् पूर्व दिशाको यात्रामा गए कुनै पनि काम बन्ने छैनन्।

## साप्ताहिक साहित

कार्तिक २, २०६९ बिहीबार – कुनैपनि दिशाको यात्रा नगर्नु होला।
कार्तिक ३, २०६९ शुक्रबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक ४, २०६९ शनिबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक ५, २०६९ आइतबार – उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक ६, २०६९ सोमबार – दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ।
कार्तिक ७, २०६९ मंगलबार – पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक ८, २०६९ बुधबार – पूर्व र दक्षिण दिशाको मात्र यात्रा शुभ रहेको छ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, कानुनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/प्रबन्ध निर्देशक–रामनाथ अधिकारी 'संगी',
आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल। **E-mail:jbweekly@fewanet.com.np/haripanta@gmail.com,**
**website: www.jbweekly.com,** मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : Pokharacity.com